तेश्रो बैठक

आज मिति २०७९ साल असार ३ गते शुक्रबार यस बलेफी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री गंगा बहादुर तामाङ ज्यूको अध्यक्षतामा बसी देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१. अध्यक्ष श्री गंगा बहादुर तामाङ

२. उपाध्यक्ष श्री सरु लामा तामाङ

३. सदस्य श्री हुप बहादुर खड्का

४. सदस्य श्री छविलाल न्यौपाने

५. सदस्य श्री रितेश तामाङ

६. सदस्य श्री सुर्जे तामाङ

७. सदस्य श्री यादव ठकुरी

८. सदस्य श्री तेज बहादुर पराजुली

९. सदस्य श्री गृविन्द्र कुमार चौंलागाई

१०. सदस्य श्री रमेश कुमार श्रेष्ठ

११. सदस्य श्री ईश्वरी भण्डारी ईश्वरी

१२. सदस्य श्री रश्मी तामाङ

१३. सदस्य श्री देवकी भुजेल देवकी

१४. सदस्य श्री कविता काफ्ले कविता

१५. सदस्य श्री समिक्षा भुजेल

१६. सदस्य श्री ज्ञाने सुनार

१७. सदस्य - सचिव श्री देवीलाल सापकोटा

आमन्त्रित:-

सुकुलाल तामाङ (कार्यालय सहायक चौथो)

प्रस्तावहरु :

१.बलेफी गाउँपालिकाको राजश्व परामर्शसमिति गठन,

२. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको गठन,

३. विषयगत समिति (कार्य सञ्चालन) कार्यविधि, २०७९ पारीत गर्ने,

४. विषयगत समितिको गठन,

५. बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन,

६. बलेफी गाउँपालिकाको विपद् व्यवस्थापन समिति गठन,

७. वडा स्तरिय विपद् व्यवस्थापन समिति गठन गर्न सबै वडाहरुलाई अनुरोध गर्ने,

८. नयाँ वडा थप गर्ने सम्बन्धमा,

९. भैंसी प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धमा,

१०. गाई प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धमा,

११. बनाउन बाँकी ऐन, नियम, कार्यविधि तथा नीतिहरुको मस्यौदा तयार गर्ने,

१२. विविध

निर्णयहरुः

१. बलेफी गाउँपालिका सिन्धुपाल्चोकमा राजश्व सम्बन्धी परामर्शको लागि देहाय बमोजिमको एक **स्थानीय राजश्व परामर्श समिति**गठन गर्नेः-

(क) उपाध्यक्षश्री सरु लामा तामाङ --संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत श्री देवीलाल सापकोटा --सदस्य

(ग) कार्यपालिकाले तोकेको कार्यपालिकाका महिला सदस्य समेतबाट

श्री समिक्षा भूजेल --सदस्य

श्री यादव ठकुरी --सदस्य

(घ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको

गाउँतहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि --सदस्य

(ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यताप्राप्त संस्थाको

गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि --सदस्य

(च) कार्यपालिकाको राजस्व शाखा प्रमुख श्री विजय कुमार घिमिरे- सदस्य सचिव

२. बलेफी गाउँपालिका सिन्धुपाल्चोकमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न देहाय बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारणसमितिगठन गर्नेः-

(क) अध्यक्षश्री गंगा बहादुर तामाङ --संयोजक

(ख) उपाध्यक्ष श्री सरु लामा तामाङ --सदस्य

(ग) कार्यपालिकाका सदस्यहरूमध्ये महिला, दलित वा अल्पसङ्ख्यक

समेतको प्रतिनिधित्व हुने गरी अध्यक्षले तोकेको चार जनामध्येबाट

- श्री ईश्वरी भण्डारी --सदस्य
- श्री देवकी भुजेल --सदस्य
- श्री तेज बहादुर पराजुली --सदस्य
- श्री गृविन्द्र कुमार चौंलागाई --सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत श्री देवीलाल सापकोटा --सदस्य सचिव

३. बलेफी गाउँपालिका सिन्धुपाल्चोकको बिषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७९ पारित गर्ने ।

४. बलेफी गाउँकार्यपालिकामा देहाय बमोजिमका बिषयगत समितिहरु गठन गर्नेः-

(क) सामाजिक विकास समिति

- श्री रमेश कुमार श्रेष्ठ संयोजक
- श्री रश्मी तामाङ --सदस्य
- श्री ज्ञाने सुनार --सदस्य

(ख) पूर्वाधार विकास समिति

- श्री हुपबहादुर खड्का संयोजक
- श्री ईश्वरी भण्डारी --सदस्य
- श्री यादव ठकुरी --सदस्य

(ग) आर्थिक विकास समिति

- श्री गृबिन्द्र कुमार चौंलागाई --संयोजक
- श्री समिक्षा भुजेल --सदस्य
- श्री रितेश तामाङ --सदस्य

(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति

- श्री सुर्जे तामाङ --संयोजक
- श्री कविता काफ्ले --सदस्य
- श्री रमेश कुमार श्रेष्ठ --सदस्य

(ङ) सुशासन तथा संस्थागत विकास समिति

- श्री छविलाल न्यौपाने --संयोजक
- श्री देवकी भुजेल --सदस्य
- श्री गृबिन्द्र कुमार चौंलागाई --सदस्य

५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम निर्धारण भएको आयको प्रक्षेपण तथा वितरणको खाका र बजेट सीमामा आधारित भई स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न बलेफी गाउँपालिका सिन्धुपाल्चोकमा देहाय बमोजिमको **बजेट तथा कार्यक्रम तर्जुमा समितिगठन** गर्नेः-

(क) उपाध्यक्षश्री सरु लामा तामाङ --संयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत श्री देवीलाल सापकोटा --सदस्य

(ख) विषयगत क्षेत्र हेर्ने गाउँ कार्यपालिकाका सदस्यहरू --सदस्य

(घ) योजना शाखा प्रमुख श्री खम्बध्वज कार्की--सदस्य सचिव

६. बलेफी गाउँपालिका सिन्धुपाल्चोकभित्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यलाईप्रभावकारी रूपमा सञ्चालन गर्न देहाय बमोजिम **बलेफी गाउँपालिका विपद् व्यवस्थापनसमितिगठन** गर्नेः-

(क) गाउँपालिका अध्यक्ष श्री गंगा बहादुर तामाङ --संयोजक

(ख) गाउँपालिका उपाध्यक्षश्री सरु लामा तामाङ --सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत श्री देवीलाल सापकोटा --सदस्य

(घ) विषयगत समितिका संयोजकहरु ५ जना --सदस्य

(ङ) सामाजिक विकास शाखा प्रमुखश्री सल बहादुर पाण्डे --सदस्य

(च) पूर्वाधार विकास शाखा प्रमुखश्री सञ्जय प्याकुरेल --सदस्य

(छ) गाउँपालिकाको भौगोलिक क्षेत्रभित्ररहेका संघीय सुरक्षा निकायका

प्रमुख वा प्रतिनिधिहरु --सदस्य

(ज) राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिकास्थित प्रमुख वा प्रतिनिधिहरुमध्येबाट

- श्री नारायण काजी श्रेष्ठ ने.क.पा.(एमाले) --सदस्य
- श्री श्री राम कुमार तामाङ नेपाली काँग्रेस--सदस्य
- श्री उज्जर बहादुर कार्की ने.क.पा. माओबादी केन्द्र --सदस्य
- श्री जीतबहादुर तामाङ राष्ट्रिय प्रजातन्त्र पार्टी --सदस्य

(ञ) नेपाल रेडक्रस सोसाईटीका स्थानीयप्रतिनिधि (१ जना) --सदस्य

(ट) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धीमान्यता प्राप्त संस्थाको

गाउँ तहका वा निजलेतोकेको प्रतिनिधि (१ जना) --सदस्य

(ठ) गैर– सरकारी सस्था महासंघका स्थानीयप्रतिनिधि (१ जना) --सदस्य

(ड) नेपाल पत्रकार महासंघको स्थानीयप्रतिनिधि (१ जना) --सदस्य

(ढ) विपद् व्यवस्थापन हेर्ने गरी तोकिएका

शाखा प्रमुख श्री सुकुलाल तामाङ --सदस्य सचिव

७. बलेफी गाउँपालिका सिन्धुपाल्चोकको प्रत्येक वडामा देहाय बमोजिम **वडास्तरीय विपद् व्यवस्थापन समिति** गठन गर्न सबै वडा अध्यक्षज्यूहरुलाई निर्देशन दिने:-

(क) वडा अध्यक्ष --संयोजक

(ख) वडा समितिले सिफारिस गरेको बिपद व्यवस्थापनमा सक्रिय स्थानीय

व्यक्तिदुई जना --सदस्य

(ग) वडाभित्र रहेका विषयगत शाखा/ईकाई कार्यालय प्रमुखहरू --सदस्य

(घ) वडाभित्र रहेका सुरक्षा निकायकाप्रमुखहरू --सदस्य

(ङ) स्थानीय रेडक्रस --सदस्य

(च) गैर-सरकारी तथा समुदायमा आधारितसंघसंस्था तथा क्लवबाट

संयोजकले तोके बमोजिमन्यूनतम दुई महिला सहित ४ जना --सदस्य

(छ) वडा सचिव --सदस्य सचिव

८. नेपालमा संघीयताको अवधारणा कार्यान्वयनगर्न राज्यको पुन संरचना गर्दासिन्धुपाल्चोक जिल्लाको साविक फूल्पिङडाँडा गाविसको वडा नं. १,२,३,४ र ८ मिलाएर बलेफी गाउँपालिका सिन्धुपाल्चोकको वडा नं. ४ बनाएको र साविकको सोही गाविसको वडा नं. ५,६,७ र ९ लाई मिलाई बलेफी गाउँपालिकाको वडा नं. ५ बनाउँदा फरक फरक स्थानका भूभागहरु फरक फरक वडामा कायम हुन गई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५ को उपदफा ३ (ख) मा उल्लेख भए बमोजिम भौगोलिक निरन्तरता, अनुकुलता तथा बिशिष्टताको आधारमा वडाको संख्या र सिमाना निर्धारण हुनुपर्नेमान्यता विपरितको कार्य हुन गई स्थानीय स्तरका विभिन्न गतिविधिहरुको व्यवस्थापनमा कठिनाई भएको स्थानीय जनताबाट बारम्बार गुनासो आईरहेको र उक्त गुनासो समाधानका लागि साविक फूल्पिङडाँडा गाविसको वडा नं. ८ (हाल बलेफी गाउँपालिकाको वडा नं. ४ को भूभाग) र वडा नं. ५ (हाल बलेफी गाउँपालिकाको वडा नं. ५ को भूभाग) मिलाई बलेफी गाउँपालिका सिन्धुपाल्चोकमा थप एउटा वडा कायम ,गर्ने गरी वडाको संख्या र सिमानामा हेरफेर गरिदिन बागमती प्रदेश सरकार मार्फत नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गरी पठाउन आगामी एघारौं गाउँ सभालाई अनुरोध गर्ने ।

९. यस गाउँपालिकाको चालु आ. व. २०७८/०७९ को संघीय सशर्त तर्फको स्वीकृत कार्यक्रममध्ये दुग्ध मिसन अन्तर्गत भैंसी प्रबर्द्धन कार्यक्रम सञ्चालन गर्न प्राप्त रकम रु. १९,९४,०००।–(१५% प्रशासनिक खर्च सहित) बाट यस गाउँपालिकाको वडा नं ४ र ५ का कृषकहरुका लागि भैंसी खरिद र ढुवानीमा अनुदान दिन बढी प्रभावकारी हुने भएकोले उक्त वडाहरुमा रहेका कृषकहरुलाई नै लक्षित गरी उनीहरु संलग्न रहेको कृषक सहकारी संस्था/कृषक समूहमध्येबाट कार्यक्रममा सहभागी हुन ईच्छुक कृषकको निवेदन प्राप्त गर्न १५ दिने सूचना आव्हान गरी प्राप्त निवेदकहरुमध्येबाट कार्यदल वा कार्यपालिकाले छनौट गरेका लाभग्राहीलाई भैंसी खरिद गर्ने गरी आवश्यक नगद अनुदान उपलब्ध गराउने भन्ने यस अघिको गाउँकार्यपालिकाको बैठकको निर्णयानुसार सूचना गरी प्राप्त भएका निवेदनमध्ये श्री बिञ्जेल दुग्ध उत्पादक सहकारी संस्थालाई उल्लेखित कार्यक्रमको लागि छनौट गर्ने र उक्त संस्थाले खरिद गरेको भैंसीको बील भरपाई, ढुवानीको बील भरपाई, सम्बन्धित वडाको वडा अध्यक्षको सिफारिस, बलेफी गाउँकार्यपालिकाको पशुसेवा शाखार नियमानुसार यस अधि गाउँकार्यपालिकाबाट गठित कार्यदलको अनुगमन प्रतिवेदन, पशुको बीमा गरेको प्रमाण समेतको आधारमा ५० प्रतिशत रकम उक्त संस्थालाई अनुदान दिने ।

१०. चालु आ. व. २०७८।०८९ मा बलेफी गाउँपालिकाको स्वीकृत वडा नं ४ र ५ का कृषकहरुका लागि लागत साझेदारीमा गाई खरिद र वितरण कार्यक्रमको सञ्चालनका

लागि ईच्छुक कृषक सहकारी संस्था/कृषक समूहमध्येबाट निवेदन प्राप्त गर्न १५ दिने सूचना आव्हान गरिएकोमा प्राप्त निवेदकहरु मध्येबाट श्री बिज्ञेल दुग्ध उत्पादक सहकारी संस्थालाई उक्त कार्यक्रमको लागि छनौट गर्ने [तथा गाउँकार्यपालिकाको बैठकको निर्णयानुसार सूचना गरी प्राप्त भएका निवेदनमध्ये उल्लेखित कार्यक्रमको लागि छनौट गरी] उक्त संस्थाले खरिद गरेको गाईको बील भरपाई, ढुवानीको बील भरपाई, सम्बन्धित वडाको वडा अध्यक्षको सिफारिस, बलेफी गाउँकार्यपालिकाको पशुसेवा शाखा र नियमानुसार गाउँकार्यपालिकाबाट गठित कार्यदलको अनुगमन प्रतिवेदन, पशुको बीमा गरेको प्रमाण समेतको आधारमा ५० प्रतिशत रकम उक्त संस्थालाई अनुदान दिने ।

११. गाउँपालिकालाई आवश्यक पर्ने र बनाउन बाँकी सम्पूर्ण ऐन, नियम, कार्यविधि तथा नीतिहरुको मस्यौदा तयार गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

१२. विविध

- चालु आ. व. मा निर्माणाधिन यस गाउँपालिकाको वडा नं. ३ को वडा कार्यालयको भवन रहेको स्थान स्थानीय जनताको लागि अपायक स्थानमा निर्माण भैरहेको र भवनको लागि आवश्यक जग्गा समेत अपुग भएको भनी उक्त भवन निर्माण कार्य रोक्न स्थानीय जनताबाट अनुरोध भई आएकोले सो भवन निर्माणकार्यलाई अर्को निर्णय नभएसम्मका लागि हाललाई स्थगित गर्न उक्त भवन निर्माण उपभोक्ता समितिलाई निर्देशन दिने ।
- बलेफी गाउँपालिका वडा नं १ को खमारे बस्तीमा रहेको ३७ घरधुरीलाई पहिरोको जोखिमबाट बचाउन बस्ती नजिकै रहेको सुरक्षित स्थान कोइरालेडाँडामा स्थानीय केदारबहादुर खड्काको जग्गा भाडामा लिई अस्थायी टहरा निर्माण गरी स्थानान्तरण गरिएकोमा हालसम्म कुनै निकायबाट स्थायी स्थानान्तण हुन नसकेको अवस्था र मनसुन शुरु भएसँगै जोखिम बढेकोले उक्त स्थानको जग्गा सोही प्रयोजनका लागिमिति २०७९ असार १ गतेदेखि २०७९ भदौ मसान्तसम्म ३ महिना लागु हुने सम्झौता नविकरण गर्ने ।
- यस गाउँपालिकामा रहेका दुईवटा चारपाङ्ग्रे सवारी साधनका लागि हल्का सवारी चालक आवश्यक भएकाले करारमा हल्का सवारी चालक लिन सूचना प्रकाशन गर्ने ।
- गाउँपालिका अन्तरगतको बजार क्षेत्रहरुमा जडान गरिएको सडक बत्तीको भुक्तानी गर्न बाँकी महसुल(ने.वि.प्रा.बाट प्राप्त बिल बमोजिमकोहर्जना सहितको रकम)भुक्तानी गर्ने ।
- बलेफी गाउँपालिकाका नाममा रही विभिन्न जनप्रतिनिधि तथा कर्मचारीहरुले प्रयोग गर्दै आउनु भएका सवारी साधन तथा मेशिनरी औजारहरु (कम्प्युटर, ल्यापटप, लगायतका सामानहरु) मर्मत सम्भार गर्नु परेमा त्यस्तो साधन प्रयोग कर्ताले मर्मत गर्नु परेको

कारण सहित कार्यालय प्रमुख समक्ष निवेदन दिई नियमानुसारको प्रक्रीया पुरा गरी कार्यालयबाट मर्मत आदेश बनाएर मात्र गर्ने ।

- चालु आ.व.२०७८/२०७९ को यस गाउँपालिकाको वडा नं ४ को लागि विनियोजित विपद् व्यबस्थापन खर्चबाट सोही वडाको अदमारा खानेपानी लाइन बिग्रीएकोले सो स्थानमा खानेपानी लाइन खनेर मर्मत समेत गरी डोर हाजिरबाट भएको कामको बढीमा रु.२०,०००/- (बिस हजार मात्र) भुक्तानी गर्ने ।
- मिति २०७८।१२।२४ गते बागमती प्रदेश सरकारद्वारा प्रदेश राजपत्रमा प्रकाशित स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यबस्था गर्न बनेको अध्यादेशको दफा (६) को उपदफा (१) बमोजिम सङ्घीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगिताबाट स्थानीय तहको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भइसकेको कर्मचारीलाई स्थानीय सेवाको सातौं तह कायम गरिदिने; उपदफा (३) बमोजिम तह कायम गर्नको लागि सातौं तहको दरबन्दी स्वत: कायम हुने साथै दफा (१७) को उपदफा (१)बमोजिम स्थानीय सेवा सातौं तह र सो भन्दा माथिल्लो तहको पदमा सम्बन्धित स्थानीय तहको कार्यापालिकालाई नियुक्ति र पदस्थापना गर्ने अधिकार हुने व्यबस्था भए बमोजिम यस बलेफी गाउँ कार्यपालिकामा मिति २०७६।०८।२० गतेदेखि कार्यरत नेपाल प्रशासन सेवा सामान्य प्रशासन समूह, छैटौं तहको अधिकृत श्री अनिल भण्डारी र मिति २०७६।०९।२२ गतेदेखि ईन्जिनीयरीङ सेवा, सिभिल समूह छैटौं तहको ईन्जिनीयर पदमा कार्यरत सञ्जय प्याकुरेललाई सातौं तहमा कायम गर्ने ।
- चालु आ. व. २०७८।०७९ मा यस बलेफी गाउँपालिका सिन्धुपाल्चोकबाट स्वीकृत योजना तथा कार्यक्रमको सम्झौता गर्ने अबधी यही मिति २०७९।०३।०६ गतेसम्म कायम गर्ने ।
- मिति २०७९ जेष्ठ २२ गते बनेपामा भएको सवारी दुर्घटनामा परी मृत्यु भएको बलेफी गाउँपालिका वडा नं ६ ब्वाँसे बस्ने मान बहादुर तामाङको छोरा वर्ष २८ को फुलकाजी तामाङको शव धुलिखेलबाट बलेफी गाउँपालिका वडा नं ६ ब्वाँसेसम्म निजी गाडीले ल्याए बापत गाडीभाडा बापतको रकम रु. २०,००० भुक्तानी गर्ने ।
- संघीय सरकारबाट चालु आ. व. २०७८।०७९ का लागि बहुक्षेत्रीय पोषण कार्यक्रम (ब. उ. शी. नं ३६५००१०६) को उद्वेश्य प्रासिका लागि विपन्न समुदायका महिला समूह वा सहकारीहरुलाई आयआर्जन सुधार कार्यक्रम (LMBIS को २.७.२५अन्य शीर्षक २.७.२५. ९५) गर्न भनी रु. ६ लाख २५ हजार प्राप्त भएको । उक्त शीर्षकमा प्राप्त बजेटबाट यस गाउँपालिकामा रहेका विपन्न महिलाहरुको (विपन्न समुदायका) सुनौलो हजार दिनका घरपरिवार लक्षित आय आर्जन क्रियाकलाप सञ्चालन गर्न विपन्न

समुदायका महिलाहरुको पूर्ण सहभागिता र नेतृत्वमा यस गाउँपालिकामा रहेका महिला सहकारीमध्येबाट कुनै एउटा सहकारी संस्था वा समूह छनौट गर्ने, छनौट हुने त्यस्ता समूह छनौट गर्दा सरकारी निकायबाट हालसम्म अनुदान प्राप्त नगरेका समूहलाई प्राथमिकता दिनुपर्ने लगायत तोकिएको प्रावधानहरुलाई पूरा गर्ने महिला सहकारी तथा समूह छनौट गर्न आवश्यक शर्तहरु तोकी ७ दिने सूचना गर्ने ।